# सञ्चिता (स्टुवार्डशीप, भन्डारेपन): हृदयका नियतहरू
# (STEWARDSHIP: MOTIVES OF THE HEART)

(मिशन समाचार सहित)

लेखकः

**जोन एच. एच. माथ्युज**

**(John H.H. Mathews)**

भावानुवादकः

भजुराम तखाछेँ श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

ई.सन् २०१७-१८ (बि.सं. २०७४)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादक: क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७४ (ई.सं. २०१७-१८)

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरीक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उद्दृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्दृध गरिएका छन्।

## भूमिका

## परमेश्वरले दिनुभएको विविध सम्पत्तिको संरक्षक येशूभक्तको जीवनी

कुनै पनि परिवर्तनको आवश्यकता हामीले देख्नुभन्दा अघि हामी येशूभक्त भएकोले हामीहरूले पापमय अवस्थाको महसुस गर्नुपर्छ। त्यो परिवर्तन त्यसबेलामात्र पक्का हुन्छ जब हाम्रो जीवनमा प्रभु येशूलाई पूर्णतरिकाले काम गर्न दिन्छौं भने। उहाँले दिनुभएको विविध सम्पतिको हामी कसरी संरक्षक भएर बसेका छौं त्यसले हाम्रो जीवनमा उहाँले काम गरिरहनुभएको छ भन्ने प्रमाणित गर्दछ। लोकचलन भाषामा अङ्ग्रेजी भाषा स्टुवार्डशिपलाई stewardship अर्थात् सञ्चिता (हिफाजत वा भन्डारेपन ) भनिन्छ। तर जब येशूलाई विश्वास गरिन्छ ऊ कुनै वस्तुकोमात्र संरक्षक नभएर उसको जीवनको विभिन्न पक्षहरूलाई कसरी सम्हाल्नुपर्छ त्यसमा ज्ञानी हुनु हो भन्ने व्याख्या गरिन्छ। परमेश्वरद्वारा उसलाई दिइएको चल, अचल, ठोस, प्रत्यक्ष वा देखिने र नदेखिने अर्थात् अप्रत्यक्ष सम्पत्तिहरूलाई परमेश्वरको महिमाको निम्ति व्यवस्थित ढँगले चलाउने नीतिलाई स्टुवार्डशिप वा सञ्चिता (हिफाजत)भनेर परिभाषित गरिन्छ।

(नेपाली भाषामा स्टुवार्डशिपलाई भन्डारेपन वा भण्डारे भनेर परिभाषित गरिन्छ। लोकप्रिय भाषामा त्यो केवल कुनै भौतिक खजाना वा सम्पत्तिको संरक्षक वा परिचालन गर्ने व्यक्तिलाई जनाउँछ। त्यसले गर्दा कालान्तरमा त्यस सम्पतिलाई जिम्मा लिने व्यक्तिलाई भन्डारी वा भण्दारे भनेर जातमै पनि गाभियो। तर येशूनीतिको भाषामा स्टुवार्डशीपको अर्थ कुनै खजाना वा सम्पतिकोमात्र संरक्षक नभएर मानव जीवनको विभिन्न पक्षहरूलाई व्यवस्थित गर्ने खुबीलाई जनाउँछ। त्यसकारण यस पुस्तकमा व्याख्या गरिने मानव जीवनको विभिन्न पक्षहरूको व्यवस्थित गर्ने कलालाई भण्डारे नभनी अङ्ग्रेजी शब्द स्टुवार्डशीप नै प्रयोग गर्नुपर्ने वाध्यता यस पुस्तकको अनुवादक प्रकट गर्दछ। यद्यपि सरलिकरणको निम्ति सञ्चिता (हिफाजत)भनेर पनि सम्बोधन गरिएको छ)।

भौतिक सम्पतिलाई मात्र हेरेर स्टुवार्डशीप भन्ने हो भने बाइबल अनुसार अरूहरूको साथमा यो भौतिकवाद अर्थात् सांसारिक उपलब्धीप्रति घमण्ड गर्ने खतरापूर्ण धराप भन्न सक्छ। आत्मिक जीवनलाई खतम गर्न चाहने शत्रुले मानिसहरूलाई धनको लोभमा पार्न यसलाई पासोको रूपमा प्रयोग गर्दछ। धनसम्पति र मेरो भनेर पक्रिराख्ने वस्तुहरू हल्का र नक्कली

मसलाहरूमात्र हुन् जसको स्वाद बिस्तारै बिलाएर जान्छ भन्ने कुरालाई धेरैले महसुस गर्दैनन्। सांसारिक तत्वहरूप्रति ज्यादा मोहको फन्दामा परेर त्यसबाट फुत्कन नचाहनेले गर्दा दुर्भाग्यवस धेरै मानिसहरू परमेश्वरको राज्यमा पस्न पाउँदैनन्। "शारीरिक अभिलाषामा भिज्नु, आँखाको अभिलाषामा चल्नु र जीवनलाई शेखीको धारमा राख्नु" यस संसारका नीतिहरू हुन् (१ यूहन्ना २:१६ रूपान्तरित)। यदि हामीहरूको जीवनमा सच्चा स्टुवार्डशीपको नीति पालन गर्न सक्यौं भने जीवनलाई तहसनहस पार्ने ती नकारात्मक तत्वहरूलाई कुल्चेर चल्न सक्छौं।

यस पुस्तकमा स्टुवार्डशीप (हेरचाह) भन्ने ज्ञानलाई केलाएर हेर्नेछौं। संसारको प्रेम र त्यसले मानिसहरूलाई विभिन्न रूपमा धरापमा पार्ने नीतिहरूबाट स्वतन्त्र भएर परमेश्वरको चाहना अनुसार जिउन कसरी सिक्ने भनेर असली स्टुवार्डशीपबाट सिक्नेछौं। दैनिक जीवनमा प्रभु येशूलाई व्यवहारिकतरिकाले कसरी पछ्याउने भनेर स्टुवार्डशीपले सिकाउँदछ। परमेश्वरप्रति हामीहरूको प्रेम दर्शाउन स्टुवार्डशीपले सिकाउँछ। यसको अर्थ येशू ख्रीष्टद्वारा हामीलाई दिइएको सत्य अनुसार जिउन यस स्टुवार्डशीप बिषयबस्तुले सिकाउँछ। यथार्थमा परमेश्वरले हामीलाई सुम्पनुभएको सबै थोकको संरक्षक हौं किनभने पहिला उहाँले हामीलाई प्रेम गर्नुभएको थियो।

सही स्टुवार्ड वा इमान्दारी जीवन बिताउँदा हामीहरूको मनस्थिति वा मनोवृत्त, एक आपसमा हामीले कुराकानी गर्दा अपनाउनुपर्ने होशियारपना, हामीहरूको प्रतिवद्धता, अनुशासनमा रहने चाहना र अरू धेरै कुराहरू समावेश हुनुपर्छ। हामी परमेश्वरको इमान्दारी र भरपर्दो सेवकहरू हुनुपर्छ। हामीले जे गर्छौं जे भन्छौं सबै कुरामा हामीले येशूसँग गाँसिएको अनुभव गर्दै निस्वार्थी जीवन बिताउनुपर्छ। येशूको पाठशालामा रहेर स्टुवार्डशीपको नतिजाले हामी उचित र धर्मी जीवन बिताउन संतुष्ट छौं भनेर देखाउन सक्षम् हुनेछौं भनेर यस अध्ययनमा हामीले हेर्नेछौं। परमेश्वरले हामीलाई सुम्पनु भएको सबै थोक उहाँको महिमाको लागि हो भनेर हामी सिक्नेछौं। त्यसको अर्थ उहाँको कामलाई फत्ते गर्न हामीले आर्थिक सहयोग गर्नुपर्छ भन्ने पनि हामी बुझ्नेछौं। परमेश्वरको स्टुवार्ड भएको हैशियतले हामी जे देख्छौं सो धमिलो ऐनामा हेरिरहेका हुन्छौं (१ कोरन्थी १३:१२) तर येशूले सबै थोक स्पष्ट रूपमा हेर्नुहुन्छ। उहाँको कामको निम्ति उहाँले हामीलाई जिम्मा दिनुभएको छ। संसारमा भएको तत्वहरूले आकर्षित गरेर हामीलाई फसाउन खोजेतापनि हामीलाई दिइएका प्रतिभाहरू, पैसा, स्वास्थ्य र वातावरणलाई सुव्यवस्थित गर्न

परमेश्वरले हामीलाई नै सुम्पनुभएको छ। यस पुस्तकमा औल्याइएका विषयबस्तुहरूले हामीहरू स्टुवार्ड भएर अर्थात् परमेश्वरले सुम्पनुभएको जिम्मेवारीलाई कसरी हेरचाह गर्ने भनेर सिक्नेछौं। मुक्तिको लागि असल स्टुवार्ड भएर प्रयास गर्ने भनेको होइन तर मुक्ति पाएकै कारणले परमेश्वरले हामीलाई सुम्पनुभएको सबै जिम्मेवारीलाई शिरोपर गर्न सक्षम् छौं भनेर देखाउनु आवश्यक भएको छ।

इसाई स्टुवार्ड भएको हैशियतले संसारको सामु हामी परमेश्वरको चरित्र देखाउने हामीहरूको कर्तव्य हुन आउँछ। जुन दिशामा यस संसार गइरहेको छ र जुन संस्कारमा यो संसार अलमलिरहेको छ त्यसको सामना गर्दै बाइबलका नीतिहरू अनुसार उभिने परमेश्वरका जनहरूमा सुन्दरता, खुशी र ईश्वरीय जीवन देखाउने चुनौति आएको छ। यस आकर्षित भौतिक संसारमा परमेश्वरलाई पन्छाएर जिउन सबैलाई लोभ्याइएको छ। खुला रूपमा होस् वा धूर्त तरिकाले होस् परमेश्वरबाट अलग्याउने लोभ हामीहरूको वरिपरि जतातते छ। येशूभक्त भएको हैशियतले विशेष गरेर इसाई स्टुवार्ड भएको हुनाले ती लोभहरूबाट हामी कसरी उम्किनेमात्र होइन त्यसबाट अलग राख्न पनि हामीलाई बल तथा शक्तिको प्रतिज्ञा दिइएको छ।

अन्तमा हामीहरूले दुईवटामा एउटा फैसला सुन्नुपर्नेछः "मैले तिमीहरूलाई कहिल्यै चिनेको छैन। मबाट टाढा हो, किनभने तिमीहरू विधिको शासनमा बस्न रूचाएका छैनौ!" (मत्ती ७:२३ रूपान्तरित) वा "धेरै राम्रो गऱ्यौ, हे असल र इमान्दारी सेवक! थोरै कुराहरूमा तिमीहरू इमान्दारी थियौ, तिमीहरूलाई धेरै थोकहरूको जिम्मेवारी सुम्पिदिन्छु। तिमीहरूको स्वामीको खुशियाली मनाउन आऊ!" (मत्ती २५:२३ रूपान्तरित)।

यो हामीहरूको आशा र प्रार्थना हो कि यस पुस्तकले सिकाएको स्टुवार्डशीप वा हेरचाह गर्ने विषयबस्तुले हामीलाई त्यस बाटोमा जान सहयोग गरिरहुन् जुन प्रभुले भन्नुभएको थियो, "तिम्रो मालिकको खुशियालीमा रमाउन आऊ।"

(जोन एच.एच. म्याथ्यु अभिषित पास्टर हुनुहुन्छ। उहाँले आन्ड्रु युनिभर्सिटीमा बाइबलको शिक्षामा बिशारद (पिएच डी) गर्नु भएको थियो। उहाँ अमेरिकाको फ्लोरिडा, अलबामा, आयोवा, मसुरी, टेनस्सी र नेब्रास्का राज्यहरूमा सेवाकार्य गर्नुभएको थियो। हाल उहाँ उत्तरी अमेरिका डिभिजनको स्टुवार्डशीप मिनिस्ट्रीको निर्देशक हुनुहुन्छ)।

# विषयसूची


| अध्याय | पृष्ठ |
|---|---|
| १. भैतिकवादको प्रभाव | १ |
| २. मैले हेरे, मलाई चाहिन्छ, म लिन्छु | १३ |
| ३. परमेश्वर कि पैसालाई भगवान मान्ने | २६ |
| ४. सांसारिक बाटोबाट फुत्कनु | ४२ |
| ५. अदन पछिका सञ्चयकर्ताहरु | ५७ |
| ६. सञ्चितकका मार्का वा विशेषताहरु | ७१ |
| ७. परमेश्वरका अगाडि इमान्दार हुनु | ८६ |
| ८. दशांशको प्रभाव | १०२ |
| ९. परमेश्वरप्रति धन्यवादी भएर दिने भेटी | ११४ |
| १०. भण्डारे वा सञ्चिता | १२६ |
| ११. ऋण | १४० |
| १२. परमेश्वरको सञ्चिकका आचरणहरु | १५४ |
| १३. परमेश्वरको असल सञ्चितक नतिजाहरु | १६९ |

## अस्थाई पाना

सुझावः त्रैमासिक अध्ययन अध्ययन चैत्र१६, २०७४ ( मार्च ३०, २०१८) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पुस १५-२१ (डिसेम्बर ३०-जेनवरी ५) |
| २ | अध्याय २ | पुस २२-२८ (जेनवरी ६-१२) |
| ३ | अध्याय ३ | पुस २९-माघ ५(जेनवरी १३–१९) |
| ४ | अध्याय ४ | माघ ६-१२ (जेनवरी २०-२६) |
| ५ | अध्याय ५ | माघ १३-१९ (जेनवरी २७- फ्रेवरी २) |
| ६ | अध्याय ६ | माघ २०-२६ (फ्रेवरी ३-९) |
| ७ | अध्याय ७ | माघ २७-फाल्गुन ४ (फ्रेवरी १०–१६) |
| ८ | अध्याय ८ | फाल्गुन ५-११ (फ्रेवरी १७-२३) |
| ९ | अध्याय ९ | फाल्गुन १२-१८ (फ्रेवरी २४-मार्च २) |
| १० | अध्याय १० | फाल्गुन १९-२५ (मार्च ३-९) |
| ११ | अध्याय ११ | फाल्गुन २६-चैत्र २ (मार्च १०-१६) |
| १२ | अध्याय १२ | चैत्र ३-९ (मार्च १७-२३) |
| १३ | अध्याय १३ | चैत्र १०-१६ (मार्च २४-३०) |